का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ६७
❒ ८ बैशाख २०७७, सोमबार
❒ 20 April 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: आइतबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ३१ जना | ४ जना | ८०८१ | १०३ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २३ लाख ५० हजार | ६ लाख ६ हजार | एक लाख ६१ हजार | १५ लाख ८२ हजार |

# प्रश्नैप्रश्नमाथि स्वास्थ्यमन्त्री !

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ वैशाख ।

निर्धारित मूल्य भन्दा महँगोमा निजी क्षेत्रसँग स्वास्थ्य सामग्री खरीदको सम्झौता गरेको आरोप खेपिरहेका स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाल फेरि विवादित बनेका छन् । चैत दोस्रो साता चीनबाट स्वास्थ्य सामग्री महँगोमा ल्याउन ओम्नी कम्पनीसँग सम्झौता गरेको आरोप नसेलाउँदै चिकित्सक शेरबहादुर पुनलाई स्पष्टिकरण लिने निर्णयमा मन्त्री ढकाल विवादित बनेका हुन् ।

मन्त्रालयले शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा कार्यरत डा.पुनलाई स्पष्टिकरण सोधेको थियो । तर, कोरोना महामारी संक्रमणबारे उपचारमा संलग्न पुनलाई स्पष्टिकरण सोध्ने मन्त्री ढकालको निर्णय विरुद्ध नागरिक अगुवा, राजनीतिक नेता तथा कार्यकर्ता देखि आम साधरणले समेत विभिन्न माध्यमबाट आपत्ति जनाएका छन् । मन्त्रालयले भने मन्त्रीको नाम जोडेर अनर्गल तथा दुष्प्रचार गर्ने कार्य भएको निष्कर्ष निकालेको छ ।

डा.पुनसँग स्पष्टिकरण लिएको बारेमा मन्त्रालयले कोही पनि स्वास्थ्यकर्मीको मनोवल घटाउन काम नगरेको भनी प्रष्टिकरण नै दिएको छ । तर, डा.पुनलाई नागरिक समाजलाई यसबारे सचेत रहन र नेपालको वास्तविक अवस्थाबारे जानकारी दिदै आएकाले उनी माथिको स्पष्टिकरणलाई अनुचित देख्नेको पंक्ति नै खडा भएको छ । आइतबार नै डा.पुन आफ्नै काममा फर्किसकेका छन् ।

तर, मन्त्री ढकाल भने यो प्रकरणमा फेरि नराम्रोगरी विवादित बनेका छन् । मन्त्रालयले आफ्नो कर्मचारीलाई 'एक्सन' लिन सक्ने तर्क गरेको छ । चैत १६ गते चीनबाट ल्याइएको स्वास्थ्य सामग्री खरीद प्रकरणमा जोडिएका थिए । त्यस अगाडि नै मन्त्री ढकालको अभिव्यक्ति विवादित बनेको थियो । कोरोनाबारे सोधिएको प्रश्नमा 'घरमा पाहुना आएकाले बोल्दिन' भन्ने अभिव्यक्तिकै कारण मन्त्री ढकाल विवादित बनेका थिए । विभागीय मन्त्री र उच्च स्तरीय समतिका सदस्यको बाँकी पृष्ठ २ मा

कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिका सदस्य रहेका स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाल लगातार एकपछि अर्को प्रकरणमा विवादमा तानिदै आएका छन् ।



# 'महामारीमा राजनीति गर्दैनौं'

प्रधानमन्त्री केपी शर्मा ओलीले महामारी विरूद्ध एकजुट भएर लड्न आग्रह गरेका छन् । राष्ट्रिय समाचार समितिसँग विशेष अन्तर्वार्ता दिदै प्रधानमन्त्री ओलीले जीवन रक्षा पहिलो प्राथमिकता भएकाले यो महामारीलाई लिएर कसैले राजनीति गर्न नहुने बताएका छन् ।

- "मान्छे नै नरहेने स्थिति हुन नदिनका लागि लकडाउन गरिएको हो भन्ने बुझ्नुपर्छ । भावुक भएर आवागमनलाई खुकुलो पार्नु हुँदैन ।"
- "अर्को वर्ष आर्थिक उपार्जन गर्न सकिन्छ, तर यस वर्ष मानिस मरेका अर्को वर्ष उठाउन सकिन्न ।"
- "केहीले व्यक्तिगत कुण्ठा, अन्योल र दिशाहीनताले सदाबहार कराउने प्रवृत्ति देखिन्छ । हुटिट्याउँ प्रवृत्ति छ ।"

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ वैशाख ।

प्रधानमन्त्री केपी शर्माले मानवीय मूल्य र तिनको जीवनरक्षालाई पहिलो प्राथमिकता दिएको बताएका छन् । सरकारी समाचार एजेन्सी राष्ट्रिय समाचार समितिसँग विशेष अन्तर्वार्ता दिदै प्रधानमन्त्री ओलीले यो महामारीमाथि कसैले राजनीति गर्न नहुने बताएका छन् । प्रधानमन्त्री ओलीले भनेका छन्, "यसमा हामी राजनीति गर्दैनौं, अर्थतन्त्रको नाफाघाटा हेर्दैनौं, नेपाली जनता, मानव र नागरिक बचाउनेतिर मात्र हाम्रो ध्यान छ । यसबाट कसैको ज्यान नजाओस् र बिरामीले राम्रोसँग उपचार पाओस् भनेर पहलहरु गरेका छौं ।"

प्रधानमन्त्री ओलीले मानिस बचेमा अर्थतन्त्र पुनः उठाउन सकिने बताए । "अर्को वर्ष आर्थिक उपार्जन गर्न सकिन्छ, तर यस वर्ष मानिस मरेका अर्को वर्ष उठाउन सकिन्न । बालबच्चाका अभिभावक गुमेर टुहुरा भए भने हामीले तिनलाई अर्को वर्ष अभिभावक उपलब्ध गराउन सक्दैनौं । बूढाबूढी गुमे पनि हामीले छोराछोरीलाई सहारा दिलाउन सक्दैनौं ।"



प्रधानमन्त्री ओलीले लकडाउन यो सरकारलाई चाहिएको विषय नभएको बताए । "हामीले सामाजिक दूरी कायम, मास्क लगाउनेलगायत अरु उपाय पनि गरिरहेका छौं । परिस्थिति हेरेर स्थिति सहज भएपछि हाम्रा आर्थिक गतिविधि क्रमशः अगाडि बढ्नेछन्", प्रधानमन्त्री ओलीले भने, "कोरोनाका कारण उत्पन्न आतङ्क समाप्त पार्नुपर्छ । कतिपय मुलुकमा हामीले देख्यौं, बाकसमा लगेर लाशमाथि लाश पुरिएको छ । के हामी पनि खाल्डोमा लाशमाथि लाश पुरिएको हेर्न चाहान्छौं ? यसले आतङ्क सिर्जना भएमा त्यसले ल्याउने डिप्रेशन र क्षतिको आँकलन गरेका छौं ?" ठूला भनिएकै मुलुकमा सङ्क्रमित सङ्ख्या बढेपछि अस्पतालमा उपचार गर्न नसकेर सडकमै पाल टाँगेर भेन्टिलेटर राखेर उपचार गराइएको सन्दर्भ निकाल्दै प्रधानमन्त्री ओलीले भने, "यस्तो स्थितिमा पुग्नुको साटो लकडाउन सहनु नै उपयुक्त हो । त्यसैले लकडाउन गरेर सरकारले जनतालाई दुःख दियो भन्न मिल्दैन ।" बाँकी पृष्ठ २ मा

## बल्ल बोल्यो राजपा

**काठमाडौं/मस–** राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले कोरोना महामारी रोकथामका लागि एक भएर लाग्नुपर्ने बताएको छ । गएको चैत ११ गते देखि देशव्यापी लकडाउन जारी छ । लकडाउनको चौथौं साता चलिरहँदा राजपाले महामारी रोकथामका लागि लड्न पार्टी पंक्तिलाई अपिल गरेको छ ।

आफ्नो चौथो स्थापना दिवसको अवसरमा पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक मतदाता तथा आम जनसमुदायलाई शुभकामना तथा बधाई ज्ञापन समेत गरेको छ । राजपा अध्यक्षमण्डलका संयोजक शरतसिंह भण्डारीले आइतबार विज्ञिप्त जारी गर्दै कोभिड-१९ को महामारीको जोखिमका कारण बाँकी पृष्ठ २ मा

**भोजपुरी भाषामा**

**हमनीसबके जिम्मेवारी, कोरोना भाइरस संक्रमणके रोकेला अपनावल जाऊ होसियारी:**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण ह ।
- संक्रमित भइल आदमी खोकला आ छिँकला समयमे निकलल थुक आ पोटाके माध्यमसे एक आदमीसे दोसर आदमीमे यी भाइरस सरेला आ फैलेला ।

**यी रोगसे बचैके का कर परि ?**

- खोकैके आ छिँकैके समय नाक आ मुख निमनसे तोपेके । आ प्रयोग कइलगेल टिसूपेपरके तुरन्त फोहोर विगेवाला कुडादानीमे विगैके ।
- समय समयमे सावुन पानीसे अच्छासे मलमलके हात धायैके आ सेनिटाइजर हातमे लगाबैके । केकरोसे मिलजाइके समय हात नमिलाबैके । मात्र प्रमाण आ नमस्कार करेके ।

**आ, काथि ना करैके ?**

- खोकी लागेल आदमीसे दुरी बनाके रहैके ।
- आ अपनहूके खोकी लागलबा त दोसरो आदमीसे दुरीमे रहेके ।
- भीडभाडमे नजायके आ दोसोरो लोगके भीडभाडभेल जगहमे नजायला सम्झावेके ।

**आ ध्यान देवेवाला वातः**

- बोखार लगलापर, खोकी अइलापर, आ सँस लइवेमे दिकत भैलापर जल्दिही नजदिकके स्वास्थ्य केन्द्रमे सम्पर्क करेम ।
- कोरोना भाइरस रोगके बारेमे औरी जानकारी लेल पैसा नालागेवाला टेलिफोन नं. १११५ मे फोन कर सकैनि ।
- मत हडवडाई, और सतर्क बनी ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# विदेशमा रहेका कामदारबारे मानवाधिकार आयोगको निगरानी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ वैशाख

राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारका क्रममा विदेशमा रहेका नेपाली कामदारको अवस्थाबारे जानकारी लिइरहेको बताएको छ । केहि दिनअघि आयोगले कोरोना भाइरसका कारण वैदेशिक रोजगारीका क्रममा रहेका नेपाली कामदारसहित नागरिकहरु समस्यामा पर्ने क्रम बढ्ने भएकाले उनीहरुको फिर्ता र व्यवस्थापनका लागि नेपालका तहकै सरकारले तत्काल तयारी थाल्नुपर्ने सुझाव परराष्ट्र मन्त्रालयलाई दिएको थियो ।

आयोगमा आप्रवासी कामदारहरुको मानव अधिकार हेर्ने सदस्य सुदीप पाठकले आयोगले आफुले नेपाली कामदार रहेका खाडी तथा मलेसियाका मानव अधिकार आयोगहरुमा नियमित रुपमा सम्पर्क गरेर जानकारी लिइरहेको जानकारी दिए । हालसम्म प्राप्त जानकारी अनुसार नेपाली कामदार कोरोना भाइरस संक्रमणका कारण गम्भीर समस्यामा परेको जानकारी आएको छैन । तर दिइएका विवरणहरुले भविष्यका दिनमा नेपाली कामदार हरुले रोजगारी गुमाउने प्रष्ट संकेत दिएको बताए ।

बहुराष्ट्रिय लगानीका मेघा परियोजनाहरुमा काम रोकिए पुनः शुरुवात गर्नकै लागि नै कम्तीमा ६ महिनाको समय लाग्ने अवस्था हुने जानकारी दिएको भन्दै सदस्य पाठकले ती कम्पनीमा कार्यरत कामदार तत्काल समस्यामा पर्ने देखिएको बताए ।

आयोगले विभिन्न देशका राष्ट्रिय मानव अधिकार समितिहरुसँग गरेको छलफलको आधारमा मन्त्रालयलाई सुझाव दिएको हो । दिइएका सुझाव कार्यान्वयन भएमा तत्काल उत्पन्न समस्या समाधानमा सहज हुने सदस्य पाठकले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

आयोगले कोरोना महामारीका कारण नेपाली कामदारमाथि परेका प्रभावहरुको विवरण उल्लेख गर्दै नेपाली कूटनीतिक नियोगहरु मार्फत् प्रभावित कामदारहरुको सर्वेक्षण गरी तत्कालै नेपाल फर्काउनु पर्ने कामदारहरुको संख्या एकिन गर्न सुझाव दिएको छ ।

आयोगले लकडाउन खुलेपछि अन्य देशका पर्यटक र नेपाली कामदार नेपाल आउनसक्ने संख्याको आंकलन गरी स्वास्थ्य परीक्षण, क्वारेन्टाइन लगायतका विषयहरु व्यवस्थापनको तयारी गर्नुपर्ने, यस विषयमा नेपाल रेडक्रस लगायतका मानवीय सहयोगी संस्थाहरुसँग परामर्श र सहयोग लिनुपर्ने, विदेशमा रहेका नेपाली नागरिक फिर्ता गर्न अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ) लगायतका संस्थाहरुसँग सहकार्य गर्नुपर्ने भन्दै आयोगले यी विषयमा सहजकर्ताको भूमिका निर्वाह गर्न चाहेको बताएको छ ।

आयोगले विदेशमा रहेका नेपाली कामदारहरुले उचित खाना खान नपाइरहेको, तलब कट्टी हुने गरेको, सडकमा बास बस्नुपर्ने बाध्यता आएको, कोभिडका सम्बन्धमा स्वास्थ्य परीक्षण हुन नसकेको र करारमा उल्लेख गरिएको काम गर्ने समय कटौती भएका जस्ता समस्या देखिएको आफ्नो सुझावमा उल्लेख गरेको छ । त्यस्तै आयोगले विभिन्न मुलुकहरुले कोरोनाका कारण आफ्ना नागरिकहरुको सुरक्षामा लागेका कारण कामदारका सुरक्षा प्रबन्धहरु घटाउँदै लगेकाले नेपाली नागरिकमाथि सुरक्षा चुनौती बढेको र केही देशमा नेपालीहरुको मृत्यु समेत भएका कारण नेपालीहरु त्रसित मानसिकतामा रहेको पाइएको उल्लेख गरेको छ ।

**वैदेशिक रोजगार विशेष**

## विदेशमै बस्न श्रम मन्त्रालयको आग्रह

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा रहेका कामदारहरु जो जहाँ जुन अवस्थामा रहेका छन्, सोही अवस्थामा बस्न पुनः आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले आइतबार एक विज्ञप्ति जारी गर्दै उक्त आग्रह गरेका हुन् ।

विभिन्न देशले वैदशिक रोजगारीमा रहेका कामदारहरुलाई विमान चार्टर गरी घर फर्काइ रहेकाबेला नेपालले भने जो जहाँ जुन अवस्थामा रहेका छन् सोही अवस्थामा रहन आग्रह पुनः आग्रह गरेको हो ।

मन्त्रालयको विज्ञप्तिमा करारको अवधि सकिएको अवस्थामा परराष्ट्र मन्त्रालयलगायत नेपाली कूटनीतिक नियोगहरुमार्फत सम्बन्धित देशका सरकारसँग समन्वय गरेर समस्या समाधान गरिने भन्दै नआत्तिई धैर्य गर्ने र आफू रहेको देशमा रहेका दूतावासमार्फत सही सूचना लिन आग्रह समेत गरिएको छ । बेखर्ची भएका वा करार र भिसाको समय थप गर्नका लागि नेपालले दूतावासमार्फत सम्बन्धित देशसँग समन्वय गरिरहेको भन्दै पवक्ता घिमिरेले काम र भिसाको म्याद थप बारेमा प्रश्न, जिज्ञासा वा समस्याहरु भए मन्त्रालयको फेसबुक वा टोल फ्रि नम्बरमा सम्पर्क गरी आफ्नो समस्या टिपाउन समेत आग्रह गरेका छन् ।

# कहाँ पुग्यो अग्रवाल केस ?

## फेरि थपियो १० दिनको म्याद

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ वैशाख

कोरोना संक्रमणको त्रासले मुलक लकडाउनमा रहेको मौका छोपी प्रतिष्ठित घरानाका एक व्यवसायी कालोबजारी गर्दागर्दै पक्राउ परे। पाँच हजार पर्ने थर्मल गनलाई १६ हजारमा बेच्दै गर्दा व्यवसायी सुलभ अग्रवाललाई प्रहरीले पक्राउ गऱ्यो। प्रहरी हिरासतमा रहेका उनै अग्रवाललाई मुद्दा कमजोर बनाइ उन्मुक्ति दिन चलखेल शुरु भएको छ।

प्रहरीको स्टिङ अप्रेसनमा गत चैत २५ गते रंगेहात पक्राउ परेका शंकर ग्रुपका निर्देशक सुलभ अग्रवालको मुद्दा कमजोर बनाएर उन्मूक्ति दिन उच्च राजनीतिक नेतृत्व, कर्मचारी र केही व्यवसायी लागेको खबरहरु सार्वजनिक भएका छन्।

कोरोना संक्रमणको त्रासमा लकडाउनको मौका छोपेर किनेको भन्दा तीन डबल बढी मूल्यमा स्वास्थ्य सामग्री बेच्दा अग्रवाल पक्राउ परेका हुन्। अझ चाखलाग्दो कुरा त स्वास्थ्य सामग्री ल्याउन सरकारले चार्टर गरेकै विमानमा अग्रवालले व्यक्तिगत सामान ल्याएका थिए। उनले त्यही लटमा २० हजार थान थर्मल गन भित्र्याएको प्रहरीले सार्वजनिक गरेको थियो। यद्यपि त्यो संख्या अरु बढी हुन सक्ने अनुमान गरिएको छ।



त्यसबेला उनले थर्मल गन मात्र ल्याएका थिए कि अन्य सामान पनि भन्ने अझै खुलाइएको छैन। पक्राउ गरेपछि अग्रवाललाई हिरासतमै राखेर थप अनुसन्धान गर्नुपर्ने आवश्यकता भएको भन्दै म्याद थपका लागि प्रहरी जिल्ला प्रशासन कार्यालय काठमाडौं पुग्यो। जिल्ला प्रशासनबाट म्याद थप गर्दै प्रहरीले अहिले अग्रवाललाई १३ दिनदेखि महानगरीय प्रहरी परिसर टेकुमा राखेको छ। साथै उनलाई आइतबार थप १० दिनको म्याद थपिएको छ।

ठूला व्यवसायिक घराना शंकर ग्रुप जसले वार्षीक अर्बौ रुपैयाँ बढीको कारोवार गर्छ त्यस्का प्रमुखमध्येका एक सुलभ १३ दिनदेखि प्रहरी हिरासतमा बस्दा उनमा कति छटपटी छ, बुझ्न गाह्रो छैन। त्यस्तै उनको सम्बन्ध र सम्पर्क देशका कुनै पनि क्षेत्रका उच्च पदस्थसँग नहुने कुरै भएन। उनले आर्थिक सहयोग गरेकै व्यक्ति र संस्था अनगिन्ति नै हुनुपर्छ। अहिले अग्रवाल पक्राउ पर्दा सहयोग लिने व्यक्ति र संस्थाका प्रतिनिधिमा छटपटाहट बढेको देखिन्छ।

त्यसैले मुद्दा कमजोर बनाएर अग्रवाललाई हिरासतमुक्त गर्न दौडादौड चलेको छ। त्यसमा राजनीतिक दलका उच्च नेता, कर्मचारी, केही व्यवसायी लगायत लागेका छन्। अग्रवाललाई जोगाउन उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघ 'सीएनआई' का केही उच्च पदाधिकारी समेत संलग्न रहेको बताइएको छ। अग्रवाल नेपाल उद्योग परिसंघ सिएन आइका उपाध्यक्ष पनि हुन्।

कानूनको छिद्रबाट छिरेर अग्रवाललाई कारबाहीबाट जोगाउन शुरूदेखि नै मुद्दालाई कमजोर बनाउने प्रयास भइरहेका चर्चा नभएको होइन। शुरुदेखि नै थर्मल गनको संख्या १ हजार २ सय मात्र देखाइनु र अदालती प्रक्रियामा जान जिल्ला प्रशासन कार्यालयले अनिच्छा देखाउनुबाट अग्रवाललाई छुटाउन को कसरी लागेको छ, बुझ्न गाह्रो छैन।

यसबीचमा ठूलो परिमाणमा थर्मल गन गायब बनाउने काम भएको छ। एक कानून व्यवसायीका अनुसार अग्रवाललाई कम सजाय गराउने खेल भइरहेको छ। अदालत जाँदा पाँच वर्षसम्मको जेल सजाय हुनसक्ने भएपछि त्यसलाई कम गराउन जिल्ला प्रशासन कार्यालयमाबाटै मुद्दा टुंग्याउने प्रयास भइरहेको छ।

प्रमुख जिल्ला अधिकारीले कालोबजारी गर्नेलाई बढीमा एक वर्ष मात्र कैद सजाय गर्न सक्ने कानूनी व्यवस्था छ। अग्रवालले चीनबाट प्रतिगोटा करिब २५ सय रुपैयाँ तिरेर ल्याएको थर्मल गन १५ हजार रुपियाँमा बेचेका थिए। पछि ग्राहक बनेर गएका प्रहरीलाई नै थर्मल गन बेचेपछि अग्रवाल चैत २५ गते रंगेहात पक्राउ परेका थिए।

भारतीय मिडियाको अफवाह

# कपिलवस्तुमा भेटिएनन् जमाती

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ७ वैशाख

भारतीय सञ्चार माध्यममा कपिलवस्तुको मस्जिद र मदरसामा जमाती लुकेर बसेको समाचार आएपछि ती क्षेत्रहरुमा अनुगमन गरिएको छ। जिल्लाको जवाभारी र चन्द्रौटाका मस्जिद, मदरसामा अनुगमन गरिएको हो। अनुगमन गर्दा उक्त मस्जिद मदरसामा कोही पनि फेला नपरेको राष्ट्रिय मदरसा बोर्ड प्रदेश ५ का उपाध्यक्ष मौलाना मशहुद खाँ नेपालीले बताएका छन्।

अनुगमनबाट भारतीय सञ्चार माध्यममा आएको समाचार गलत भएको उपाध्यक्ष खाँ नेपालीले दावी गरे। 'हामीले नेपाल सरकारले लागु गरेको लकडाउनको पूर्ण पालन गरेका छौं, मस्जिदमा हेर्दा कोही पनि छैनन्,' उनले भने, 'आफवाह फैलाउन र नेपाली-नेपालीबीच मनमुटाव गराउने षड्यन्त्र भएको हामीलाई महसुस भएको छ।'

अनुगमन कै क्रममा शिवराज नगरपालिका वडा नं ८ का वडाध्यक्ष अनुप कुमार चौधरीले कुनै पनि शंकास्पद व्यक्ति देखा नपरेको बताए। वडाअध्यक्ष चौधरीले भने 'हामीले केहि भेटाएका छैनौं। यदि कोही त्यस्तो भेटिए हामी तत्काल प्रहरीसँग समन्वय गर्नेछौं।'

जवभारीको मदरसा र मस्जिदमा प्रशासनको समन्वयमा ताला लागाइएको र बाहिरी मान्छे आउने समाचार निराधार रहेको पनि वडाध्यक्ष चौधरीले जानकारी दिए।



राष्ट्रिय मदरसा संघका अध्यक्ष डा. अब्दुल गनी अलकुफीले शिक्षा जस्तो पवित्र स्थलमा बहिरी मान्छेलाई आश्रय दिने काम गलत भएको बताए। 'कहिं कतै संदिग्ध व्यक्ति लुकेर बसेको पाइए वा कसैले संरक्षण गरेको पाइएमा कानूनबमोजिम कारबाहीका लागि पहल गर्नेछौं 'अध्यक्ष डा. अलकुफीले भने, 'जवाभारी लगायका मदरसामा कुनै अपरचित व्यक्ति देखेमा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरी सहयोग गर्नेछौं।'

चन्द्रौटामा रहेको मदरसामा अनुगमन गर्दा कुनै पनि जमाती नभेटिएको वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी निरीक्षक दिपेश खरेलले जानकारी दिए।

यता कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलका अनुसार अहिले प्रहरी र प्रशासन लगाएर खोज तलास जारी रहेको छ। प्रजिअ पौडेलले भने, ' एक जना पाकिस्तानी नागरीक फेला परेका छन्। उनी माघमा कानूनी तरीकाले नेपाल प्रवेश गरेको प्रमाण फेला परेको छ।'

भारतीय मिडियाले भने जस्तो जमाती फेला नपरेको प्रजिअ पौडेलले बताए। 'अरु केहि फेला परेको छैन,' प्रजिअ पौडेलले अगाडि भने, 'तर जे कुरा आएका छन् त्यसका आधारमा सजगता अपनाएर खोजी गर्ने कार्यलाई अझै तिब्रता दिन्छौं।' कपिलवस्तुका मुस्लिम अगुवा, निर्वाचित प्रतिनिधि, प्रहरी प्रशासनले पत्रकारको टोलीसहित मदरसाको अनुगमन गरेको हो।

# दोस्रो चरणको राहत प्याकेज घोषणा

**काठमाडौं/मस-** कोराना महामारी नियन्त्रणका लागि सरकारले घोषणा गरेको लकडाउनका कारण समस्यामा परेका गरिब तथा दैनिक ज्यालादारीका मजदुरहरुको लागि प्रदेश २ सरकारले दोश्रो चरणको राहत प्याकेजको घोषणा गरेको छ।




मन्त्रिपरिषदको आइतबार सम्पन्न बैठकले लक्षीत परिवारको घरमा सोझै राहत पुर्याउने गरी दोस्रो चरणको राहत प्याकेज घोषणा गरिएको हो। प्रदेश सरकारले पीडित परिवारलाई वडा कार्यालयको समन्वयमा सोझै घरमै राहत पुऱ्याउने योजना ल्याएको हो।

स्थानीय तहहरुले प्रदेश सरकारलाई बुझाएको पीडित परिवारहरुको लिष्टको आधारमा प्रदेश सरकारले जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय मार्फत राहत सामग्री खरिद गरि प्याकेट तयार गरेरै लिष्ट सहित वडालाई जिम्मा लगाउने भएको हो।

वडाले प्राप्त गरेको राहत २४ घन्टाभित्र पीडितलाई वितरण गर्नुपर्ने व्यवस्था गरिएको छ। बैठकले कोरोना महामारी नियन्त्रणको लागि आवश्यक उपकरणहरु खरिद गर्न ६८ करोड रुपैया निकासा गरेको छ।

उक्त रकमले थप पिसिआर मेसिन सहितका अन्य उपकरणहरु खरिद गरिने जनाएको छ। नारायणी उपक्षेत्रीय अस्पताललाई कोरोना विरामीहरुको उपचारका लागि आवश्यक व्यवस्था गर्न ५० लाख रुपैयाँ दिने निर्णय पनि बैठकले गरेको छ।

# पेट्रोलिय पदार्थ बिक्रीमा कमी

**काठमाडौं/मस-** सरकारले घोषणा गरेको लकडाउनका कारण पेट्रोलियम पदार्थको बिक्री वितरणमा ८० प्रतिशतले कमी आएको छ। कोरोना भाइरस नियन्त्रण गर्नका लागि गरिएको लकडाउनका कारण सवारी साधन नचल्दा पेट्रोल र डिजेलको ८० प्रतिशतले कमी आएको हो।

नेपाल आयल निगम अमलेखगञ्ज डिपोमा पेट्रोल र डिपोको मौज्दात पूरा छ। उक्त डिपोको भण्डारण गर्ने डिजेल ट्याङ्कीमा दुई करोड लिटर डिजेल मौज्दात छ। त्यस्तै प्रोटोल ट्याङ्कीको क्षमता १९ लाख लिटर रहेको र त्यसमा १८ लाख लिटर पेट्रोल रहेको डिपोले जनाएको छ। बन्दका कारण डिजेल तीनदेखि चार लाख लिटर तथा पेट्रोल दैनिक एक लाख लिटर मात्र बिक्री भइरहेको डिपोका प्रमुख भरत रेग्मीले भने। रक्सोलबाट पाइपलाइनमार्फत आउने डिजेलको काम पनि रोकिएको उनले बताए।

ट्याङ्कीको क्षमता जति छ, त्यति डिजेल मोज्दात रहेकाले पाइपलाइनबाट डिजेल ल्याउने काम बन्द गरिएको छ। राजमार्गको पम्पमा डिजेल र पेट्रोल कमी हुन नदिन त्यस पम्पमा समेत प्राप्त मात्रामा डिजेल र पेट्रोल दिइएको बताइएको छ। अहिले गहुँ काट्ने खेत जोत्ने बीउबिजन लगाउने र सिँचाइ गर्न समय भएकाले ग्रामीण क्षेत्रमा डिजेलको बिक्री बढेको प्रमुख रेग्मीले बताए।

अमलेखगञ्ज डिपोबाट विराटनगर तथा भैरहवा डिपोमा समेत डिजेल पठाइने गरिएको छ। आयल निगम विराटनगर शाखाको डिपोमा पेट्रोल र डिजेलको मोज्दात पूर्णरूपमा रहेको छ। कार्यालय प्रमुख अशोक साहका अनुसार डिपोमा डिजेल ८० लाख लिटर तथा पेट्रोल नौ लाख ६० लिटर रहेको छ।

त्यस डिपोबाट डिजेल र पेटोल आइतबार र बिहीबार बिक्रीवितरण हुने गरेको छ। पम्पबाट सरकारी गाडी पास भएका मोटरसाइकल ट्र्याक्टर तथा ढुवानीको गाडीले खरिद गर्ने गरेको पम्प व्यवसायीहरु बताउने गरेको छ। नेपाल आयल निगम भैरहवा डिपोमा पनि पेट्रोलियम पदार्थको मोज्दात पूरा रहेको सो डिपोले जनाएको छ।

# लकडाउनमा १७ बलात्कारका घटना

**बुटवल/रासस-** बन्दाबन्दीका समयमा प्रदेश नं ५ मा १७ बलात्कारका घटनासम्बन्धी मुद्दा दर्ता भएका छन्। बन्दाबन्दीको २४ दिनका अवधिमा प्रदेशका आठ जिल्लामा १७ महिला बलात्कृत भएको प्रदेश प्रहरी कार्यालय दाङले जनाएको छ।

प्रदेशका रुकुम, अर्घाखाँची, दाङ र पाल्पाबाहेक सबै जिल्लामा बलात्कारका घटना दर्ता भएका छन्। प्रदेशमा सबैभन्दा बढी रुपन्देहीमा पाँच बलात्कारका घटना भएका छन्। त्यसपछि कपिलवस्तुमा चार, गुल्मी र बाँकेमा दुईदुई तथा रोल्पा, बर्दिया, प्युठान र नवलपरासीमा एकएक घटना दर्ता भएको प्रदेश प्रहरी कार्यालय प्रवक्ता प्रहरी नायब उपरीक्षक नवराज पोखरेलले जानकारी दिए।

बन्दाबन्दीमा बर्दियामा जर्बजस्ती करणी उद्योग अन्तर्गत मुद्दा दर्ता भएको छ। घटनामा संलग्नलाई पक्राउ गरी जर्बजस्ती करणीअन्तर्गत मुद्दा चलाइएको प्रवक्ता पोखरेलले बताए। पछिल्लो एक हप्तामा रुपन्देहीमा तीन युवतीमाथि बलात्कार भएको उजूरी आएको छ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार सैनामैना नगरपालिका तथा मर्चवारी र कञ्चन गाउँपालिकाका युवतीमाथि बलात्कार भएको हो।

गत मंगलबार रुपन्देहीको सैनामैना १ मा १५ वर्षीयामाथि बलात्कार भएको हो। प्रहरीले किशोरीलाई बलात्कार गरेको आरोपमा ३७ वर्षीय मानबहादुर छहारीलाई पक्राउ गरेको छ। परिवारले दिएको किटानी जाहेरीका आधारमा सोही वडाबाटै छहारीलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले जानकारी दिए।

# सञ्चालनमा नआएका ५० ग्यास उद्योगको अनुमति खारेज

**काठमाडौं/मस-** नेपाल आयल निगमले ग्यास उद्योग सञ्चालन गर्न अनुमति लिएर सञ्चालनमा नआएका ५० उद्योगको अनुमति खारेज गरेको छ। ग्यास उद्योग निर्माण गरी सञ्चालन गर्न अनुमति लिने तर उद्योग निर्माण नगर्ने, अनुमतिपत्र खरिद क्रिी गर्ने प्रवृत्तिको अन्त्य गर्न निगमले ती उद्योगको अनुमति खारेज गरेको हो।

उद्योग विभागमा ग्यास उद्योग दर्ताका लागि निवेदन दिने र उद्योग विभागबाट निगमसँग राय प्रतिक्रिया माग गरेपश्चात सम्पर्कविहीन हुने परिपाटी बढेसँगै एलपी ग्यास उद्योग सङ्घको व्यवस्थापनमा समस्या देखिएपछि ती उद्योगको अनुमति खारेज गरिएको निगमले जनाएको छ। यसबीचमा कूल ५३ उद्योगले एलपी ग्यास बिक्री गर्न अनुमति मागेका थिए।

निगमले अनुमति पाएको उद्योगलाई तत्काल सञ्चालनमा आउन तीनपटक सूचित गराएको थियो। पटकपटक सूचित गराउँदा पनि ती उद्योग सम्पर्कमा नआएको निगमले जनाएको छ। निगमबाट उद्योग सञ्चालनका लागि सैद्धान्तिक सहमति लिएका तर सञ्चालनमा नआएका केही उद्योग यसअघि नै खारेजीमा परिसकेका छन्। खारेजी गरिएकामा केही शाखा उद्योग पनि रहेका छन्।

खारेजीमा परेका उद्योगमा सुदूरपश्चिम एलपी ग्यास उद्यागे, पूर्वेली ग्यास, बर्दिवास इन्भेष्टमेन्ट मल्टिप्रर्पोज, एचएच कम्पनी, वर्षा ग्यास, जेपी ग्यास, एशियन ग्यास, एक्सप्रेस ग्यास, शिवशक्ति ग्यास, नीलकण्ठ ग्यास, सप्तकोशी ग्यास, हरि ग्यास, कमला ग्यास, दक्षिणकाली ग्यास, सिद्धबाबा ग्यास, मातारानी ग्यास, पञ्चलक्ष्मी ग्यास, विरता ग्यास, विकल्प ग्यास, बुहारी ग्यास, स्मार्ट गइँस, केदार ग्यास, पूजा ग्यास, सगुन ग्यास र कञ्चनजङ्घा ग्यास रहेका छन्।

यसैगरी सरस्वती ग्यास, आरके ग्यास, श्याम ग्यास, श्रीमाया ग्यास, जयश्री तिरुपति ग्यास, पञ्चकोशी ग्यास, बुद्ध इन्डष्ट्रिज, आदित्य ग्यास, गणेश ग्यास, तिलौराकोट ग्यास, ग्रीन ग्यास, बागेश्वरी ग्यास, सान्भी ग्यास, गौरीशङ्कर ग्यास (शाखा), हिमालयन पेट्रो केमिकल्स (शाखा), कोशी ग्यास (शाखा), लुम्बिनी ग्यास (शाखा), नारायणी ग्यास (शाखा), नेपाल ग्यास (शाखा), नोबेल ग्यास (शाखा), राजधानी ग्यास (शाखा), सहारा ग्यास (शाखा), सुगम ग्यास (शाखा), भेरी ग्यास (शाखा) र नेपाल ग्यास उद्योग (नारायणी) प्रालि (शाखा) पनि खारेजीमा परेका छन्।

**नयाँ तीन उद्योगलाई पिडिओ अनुमति**

अनुमति लिई सञ्चालनमा आएका तीन उद्योगलाई निगमले प्रोडक्ट डेलिभरी अर्डर (पिडीओ) अनुमति दिएको छ। कैलालीको अत्तरियामा रहेको सैपाल ग्यास, नवलपरासीमा रहेको सगरमाथा ग्यास (शाखा) र धादिङमा रहेको सीता ग्यास उद्योगलाई पिडिओ प्राप्तिका लागि अनुमति दिइएको निगमले जनाएको छ।

यी तीन उद्योगले निर्माण सम्पन्न गरी कारोबारका लागि स्वीकृति दिन निगमसमक्ष अनुरोध गरेका थिए। नयाँ तीन उद्योगले अनुमति पाएसँगै नेपालमा एलपी ग्यासको कारोबार गर्ने उद्योगको सङ्ख्या ६२ पुगेको छ। ग्यास उद्योगीले भने नयाँ उद्योगलाई सञ्चालन अनुमति नदिन निगमलाई दबाब दिँदै आएका थिए।

# पैसा छर्ने महिलाको स्वाब नतिजा 'नेगेटिभ'



जनकपुर/मस- जनकपुरधाम उपमहानगरपालिका-५ मा रूपैयाँ छरेर कोरोना भाइरस संक्रमण गराउन खोजेको आरोपमा पक्राउ गरिएका महिलाको स्वाब परीक्षण परिणाम 'नेगेटिभ' देखिएको छ। प्रादेशिक अस्पताल जनकपुरधाममा महिलाको स्वाबको पिसिआर प्रविधिबाट परीक्षण गर्दा नेगेटिभ देखिएको हो।

प्रदेश प्रयोगशालाका निमित्त निर्देशक रामविनय साहका अनुसार हिजो तीव्र प्रविधिबाट परीक्षण गर्दा एक महिलाको नतिजा 'पोजेटिभ' आएकामा आइतबार ती महिलाको घाँटीको स्वाबलाई पिसिआर प्रविधिबाट परीक्षण गर्दा नेगेटिभ देखिएको छ। अर्की महिलाको भने हिजै परीक्षण गर्दा नेगेटिभ देखिएको थियो। उनीहरु नाताले नन्द भाउजु हुन्।

यही वैशाख ५ गते १२:३० बजे वडा नं ५ को महावीर चोकमा रूपैयाँ छरेर फरार भएको सूचनाका आधारमा सिसिटिभीको फुटेजका माध्यमले दुई महिलाको पहिचान गरी शनिबार प्रहरीले नियन्त्रणमा लिई स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पतालमा पठाएको थियो।

प्रहरीले रूपैयाँ छरेर फरार भएको आरोपमा धनुषा जिल्ला धनौजी गाउँपालिका-५ बहुअर्वाका ५० वर्षीया अमुना खातुन र उनका नन्द जनकपुरधाम उपमहागरपालिका-७ का ३५ वर्षीया अलिना खातुनलाई नियन्त्रणमा लिएको थियो।

## प्रश्नैप्रश्नमाथि...

अभिव्यक्तिमा जवाफदेहिता नदेखिएको भनी आलोचित भएका थिए।

अभिव्यक्तिकै कारण शेरबहादुर तामाङले राजीनामा दिएपछि रिक्त कानून मन्त्रालयमा जिम्मेवारी पाएका मन्त्री ढकालले त्यहाँ पनि सन्तोषजनक काम गर्न सकेका थिएनन्। संविधान कार्यान्वयन गर्न आवश्यक कानूनहरु निर्माणमा बिलम्ब भएको मात्रै थिएन, कतिपय विधयेक विवादित बनेका थिए। यसपटकको हिउँदे अधिवेशनमा विधेयक झनै थपिएको छ।

## महामारीमा...

लकडाउन खुकुलो पार्दै जाने होइन, अन्त्य नै गर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। "त्योभन्दा पहिला कोरोनाको अन्त्य हुनुपर्छ। मान्छेको जीवन बचाउनुपर्छ। हामीले भाइरसले भयावहको स्थिति नलिओस् भन्ने हो। एउटा कुरा चाहिँ म के भन्न चाहन्छु भने कोरोनाको स्थिति सहज भएपछि हाम्रा जिल्ला-जिल्लामा स्वास्थ्य क्षेत्रको पूर्वाधारको विकास र जनशक्तिको पर्याप्ततामा आमूल सुधार भएको हुनेछ। यही बीचमा हामीले अरु बिरामीको पनि हेरविचार गरिरहेका छौं", प्रधानमन्त्री ओलीले भने।

मान्छे बाँचेमा मात्रै अर्थतन्त्र र समृद्धिको अर्थ रहने प्रधानमन्त्री ओलीले बताए। "मान्छे नै नरहेने स्थिति हुन नदिनका लागि लकडाउन गरिएको हो भन्ने बुझ्नुपर्छ। भावुक भएर आवागमनलाई खुकुलो पार्नु हुँदैन", प्रधानमन्त्री ओलीले भने, "नेपालमा एकथरि कर्कस धुन मात्र निकालिरहने समूह छन्। मैले पटक-पटक भनेको छु, मेरो र यो सरकारको भ्रष्टाचारविरुद्धको प्रतिबद्धताका बारेमा, म भ्रष्टार गर्दिनँ र हुन दिन्न भनेर।"

सञ्चारमाध्यमले पनि यस्तो स्थितिमा अघिल्लो दिन लिइएको भिडियो भोलिपल्ट देखाउनुभन्दा तत्कालै सूचना दिएर सहयोग गर्नुपर्ने प्रधानमन्त्री ओलीले सुझाव दिए। सरकारलाई गालीको फेहरिस्तभन्दा छिटो सूचनाका माध्यमबाट सरकारलाई सूचना दिन आग्रह गरे। "यस्तो बेलामा सरकारलाई विरोध गर्न अस्त्रहरु तयार गरेर कसैले पनि खेल्नु हुँदैन। नेपालमा रोग या भोकले कोही मर्नु पर्दैन। यो देश भीखमङ्गाहरुको देश होइन। गरिखानेको देश हो", प्रधानमन्त्री ओलीले भने।

प्रधानमन्त्री ओलीले सरकारको विरोध गर्नेहरु दिशाहिनताले सदावहार गराउने गरेको बताए। "केहीले व्यक्तिगत कुण्ठा, अन्योल र दिशाहीनताले सदाबहार कराउने प्रवृत्ति देखिन्छ। हुटिट्याउँ प्रवृत्ति छ। ती कुराहरु कति सान्दर्भिक छन् ? तिनले आफैँलाई असान्दर्भिक बनाउँछन्।"

## बल्ल...

यस वर्ष कुनै औपचारिक कार्यक्रम गर्न नसकिएको जनाउँदै पार्टी स्थापना दिवसका अवसरमा सबैमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गरेका हुन्।

राजपाले कोभिड-१९ को महामारीबाट जोगिन सम्पूर्ण पार्टी पंक्तिलाई एक ढिक्का भएर दृढ सङ्कल्पका साथ लकडाउनको नियम पालना गर्न/गराउन पनि आग्रह गरेको छ। सुरक्षित रही आफ्नो वडामा नागरिकलाई राहत लगायत अन्य कुनै प्रकारको समस्या देखिए समन्वयकारी भूमिका निर्वाह गर्न समेत राजपाले पार्टी पङ्क्तिलाई आग्रह गरेको छ।

२०७४ वैशाख ७ गते मधेश केन्द्रित छ राजनीतिक दल मिलेर राजपा स्थापना भएको थियो। राजपाको दुई वर्षदेखि पार्टी एकताको महाधिवेशन हुनसकेको छैन। चक्रीय प्रणालीअनुरुप हरेक दुई महिनामा राजपाको नेतृत्व परिवर्तन हुने परम्परा छ।

सोहीअनुरुप राजपा अध्यक्षमण्डलका छ सदस्यले पालैपालो नेतृत्व लिँदै आएका छन्। २०७६ को कात्तिक २७ देखि २९ सम्म पार्टीको महाधिवेशन मिति घोषणा गरिए पनि अन्तिम समयमा स्थगन भएको थियो। २०७७ को असार मसान्तसम्म महाधिवेशन गर्ने राजपाको योजना रहे पनि कोभिड-१९ को प्रकोप नेपालमा पनि देखिएपछि अनिश्चित बनेको छ।

# चीनबाट तीन लाख 'टेस्ट किट' भारतमा



**नयाँदिल्ली, एजेन्सी–** चीनको ग्वान्झोओबाट भारतीय विशेष बिमान एयर इन्डियाबाट तीन लाख थान कोरोना परीक्षण सामग्री (एन्टीबडी टेस्ट किट) भारत ल्याइएको छ । यी टेस्ट किट भारतीय राज्यहरु तमिलनाडु र राजस्थानका स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराइने भारतीय स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

चीनका लागि भारतीय राजदूत विक्रम मिश्रीले ट्वीट गर्दै ग्वान्झाओबाट झण्डै ३ लाख टेस्ट किट भारततर्फ पठाइएको र यी किट राजस्थान र तमिलनाडुका लागि व्यवस्था गरिएको बताएका छन् ।

केन्द्रीय नागरिक उड्डयन मन्त्री हरदिप सिंह पुरीले पनि ट्वीट गर्दै कोविड-१९ सँग जुध्न सरकारले कुनै कसर बाँकी नराख्ने बताए । भारतीय बिमान सेवाले गरेका २४७ वटा उडानबाट मार्च २६ यतामात्र ४१८ टन स्वास्थ्य र अन्य अत्यावश्यकीय सामग्री ढुवानी गरेको मन्त्री सिंहले जानकारी दिए ।

यसैबीच, भारतको नयाँदिल्लीमा रहेको एउटा अस्पतालका चिकित्सक र नर्सहरुलाई नै कोरानाभाइरसको संक्रमण भएको छ । नयाँदिल्लीस्थित लेडी हार्डिङ्ग हस्पिटलमा कार्यरत २ चिकित्सक, ६ नर्स र १ जना दश महिने बच्चा संक्रमित भएका हुन् ।

अग्रपंक्तिमा रहेर काम गर्ने आठ जना स्वास्थ्यकर्मी कोरोनाभाइरसबाट प्रभावित भएको अस्पतालले आइतबार पुष्टि गरेको छ । उनीहरुलाई अहिले क्वारेन्टाइनमा राखिएको र उनीहरुले को को सँग सम्पर्क गरेका थिए भन्ने बारेमा विवरण संकलन भइरहेको पनि अस्पतालले जनाएको छ ।

स्वास्थ्यकर्मी नै संक्रमित भएपछिको योजनाका बारेमा छलफल गर्न अस्पतालले उच्च अधिकारीहरुको बैठक बोलाएको छ ।

भारतको दिल्ली प्रदेशका मुख्यमन्त्री अरविन्द केजरीवालले कोरोना विरुद्धको लडाईंमा मृत्यु हुनेको परिवारलाई एक करोड भारतीय रुपैयाँ राहत दिने घोषणा गरेका छन् ।

कोरोनाभाइरस विरुद्ध काम गर्ने क्रममा कुनै व्यक्तिको मृत्यु भएमा उनीहरुका परिवारलाई प्रतिव्यक्ति भारु एक करोड दिइने शनिबार घोषणा गरेका हुन् । मुख्यमन्त्री केजरीवालले ६० ओटा सेनिटाइजेसन मेसिन मार्फत् सहर बजारमा सरसफाई गर्ने कार्य भइरहेको पनि जानकारी दिए ।

उनले सामाजिक दुरी कायम गर्न आम नागरिकलाई आग्रह गरेका छन् । शिविर बनाइएका क्षेत्रमा सामाजिक दुरीको अलि बढी ख्याल गर्नु पर्ने उनको भनाई छ । शहरी क्षेत्रमा ७१ ओट शिविर बनाइएको उनले जानकारी दिए । अलपत्र परेका तथा खान बस्न नपाएकाहरुलाई त्यस्ता शिविरहरुमा राखिएको मुख्यमन्त्री केजरीवालले जानकारी दिनुभयो ।

# पाँचौं एनभीए राष्ट्रिय भलिबल स्थगित



**काठमाडौं, मस–** नेपाल भलिबल सङ्घले यही वैशाख अन्तिम साता आयोजना गर्ने भनिएको पाँचौं एनभीए राष्ट्रिय महिला तथा पुरुष भलिबल क्लब लिग अनिश्चितकालका लागि स्थगन गरेको छ । कोरोना भाइरसको महामारीका कारण उक्त प्रतियोगिता स्थगन गरिएको हो ।

प्रतियोगिताको नयाँ मिति कोरोना भाइरसको महामारीको अवस्था साम्य भएपछि निर्णय गरिने नेपाल भलिबल सङ्घका महासचिव जितेन्द्रबहादुर चन्दले जानकारी दिए । यसअघि सो लिग वैशाख २५ देखि जेठ १ गतेसम्म हुने तय गरिएको थियो । 'अहिलेको अवस्थामा कुनै पनि प्रतियोगिता गर्न सकिने अवस्था छैन', महासचिव चन्दले भने, 'पछि सङ्घको बैठकबाट प्रतियोगिताको छिनोफानो गर्छौं ।'

पाँचौं आरबीबी एनभीए राष्ट्रिय क्लब भलिबल च्याम्पियनसिपमा उत्कृष्ट भएका आठ पुरुष तथा छ महिला टोलीले पाँचौं एनभीए राष्ट्रिय भलिबल क्लब लिगमा प्रतिस्पर्धा गर्ने तय भएको थियो । 'कोरोना भाइरसका कारण सङ्घको खेल तालिका नै परिवर्तन गर्नुपर्ने अवस्था आयो', उनले भने ।

# जापानमा कोरोनाभाइरस संक्रमितको संख्या १० हजार



**टोकियो, एजेन्सी-**जापानको स्वास्थ्य मन्त्रालयले २४ घण्टाको अवधिमा जापानमा कोरोनाभाइरस संक्रमणका ५६८ वटा नयाँ घटना देखिएको आइतबार जनाएको छ । यो सहित जापानमा कूल संक्रमितको संख्या १० हजार ३६१ पुगेको छ ।

यस वर्षको सुरुमा टोकियोको नजिक क्वारेन्टाइनमा राखिएको यात्रुबाहक पानीजहाजका ७१२ जना समेत जापानमा ११ हजार ७३ जनामा संक्रमण देखिएको छ । कोरोना संक्रमणका कारण जापानमा हालसम्म १७४ जनाको मृत्यु भएको छ ।

अमेरिका र युरोपको तुलनामा जापानमा कोरोना संक्रमणको संख्या अझै पनि तुलनात्मक रूपमा सानो छ, तर स्वास्थ्य परीक्षणको संख्या नै कम भएकाले पनि वास्तविक विवरण ठम्याउन कठिन भएको बताइन्छ । विज्ञहरुले जापानमा कोरोना संक्रमितको संख्या अझ ठूलो हुन सक्ने दाबी गरेका छन् ।

जापानले अन्ततः टोकियो र अन्य ठाउँमा अतिरिक्त परीक्षण केन्द्रहरू स्थापना गर्न सुरु गरेको छ । पछिल्ला दिनहरुमा उपचारमा प्रभावकारिता ल्याउन प्राथमिक उपचार चिकित्सकहरूलाई संदिग्ध बिरामीहरूलाई सिधै परीक्षण केन्द्रहरुमा पठाउन अनुमति दिइएको छ ।

विज्ञहरूले संक्रमित व्यक्तिहरु पत्ता लगाउन विगतमा अपनाइएको रणनीति सफल नभएकाले परीक्षणलाई व्यापक बनाउन सुझाव दिएका छन् ।

प्रधानमन्त्री शिन्जो आबेले बिहीबार टोकियो र छ वटा शहरी क्षेत्रहरूमा मात्र सीमित राखिएको आपतकालको अवस्था देशव्यापी बनाइएको घोषणा गरेका थिए । जापानका अस्पतालहरुमा संक्रमित व्यक्तिको संख्या दिनहुँ बढ्न थालेपछि प्रधानमन्त्री आबेले आपतकाल घोषणा गरेका हुन् ।

जनवरीको मध्यमा पहिलो घटना पत्ता लागेदेखि यता संक्रमित व्यक्तिको संख्या एक हजार पुग्न दुई महिना लागेको छ । तर संक्रमणको प्रसार पछिल्ला हप्ताहरूमा तिब्र रुपमा बढेको छ र १० दिनभित्रै यो संख्या ५ हजारबाट दोब्बर भएको छ ।

सियोलः दक्षिण कोरियामा विगत २४ घण्टामा ८ जना नयाँ संक्रमणका घटना भेटिएका छन् । दक्षिण कोरियाली संक्रामक रोग नियन्त्रण तथा रोकथाम केन्द्रका अनुसार आइतबारम्ममा देशभर १० हजार ६६१ जना संक्रमित भएका र २३४ जनाको मृत्यु भएको छ ।

केन्द्रले कोरोनाभाइरस संक्रमितमध्ये ८ हजार ४२ जना निको भएको जनाएको छ । अरु १२ हजार २४३ जनामा कोरोना संक्रमण भए नभएको बारे परीक्षण भइरहेको छ ।

दक्षिण कोरियाली अधिकारीहरुले कोरोनाभाइरस संक्रमितको संख्यामा कमी आएसँगै सामाजिक दूरीको नियममा सहजीकरण गरिएका कारण "भित्रभित्रै" कोरोना भाइरस फैलन सक्ने भन्दै चेतावनी दिएका छन् ।

रियो दे जेनेरोः ब्राजिलका राष्ट्रपति जेयर बोल्सोनारोले घोषणा गर्नु भएको राष्ट्रव्यापी लकडाउनको अवज्ञा गर्दै ब्राजिलका विभिन्न शहरमा सयौं व्यक्तिले विरोध प्रदर्शन गरेका छन् ।

ट्रक, कार र मोटरसाइकलमा आएका प्रदर्शनकारीले रियो दे जेनेरो, साओ पाउलो र राजधानी ब्रासिलिया समेतका शहरका सडकमा लकडाउनको विरोधमा हर्न बजाएर विरोध गरेका थिए । उनीहरुले हप्तौंसम्म अधिकांश पेशा व्यवसाय बन्द गर्न आदेश जारी गर्ने गभर्नरहरुलाई राजीनामा दिन माग गरेका छन् ।

ब्रासिलियामा राष्ट्रपति बोल्सोनारोले अर्थतन्त्र पुनः खुला गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

म्याड्रिडः कोरोनाभाइरसका कारण अत्यन्त प्रभावित स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले स्पेनी सरकारले कोरोनाभाइरस प्रसार रोक्न थप दुई साता आपतकाल कायम राखिने बताउनुभएको छ । तर उहाँले बालबालिकाका लागि परिस्थितिमा सहजीकरण गर्न लागिएको बताउनुभयो ।

स्पेनमा मध्य मार्चदेखि युरोपमै सबैभन्दा कठोर लकडाउन कायम छ । लकडाउनका कारण आर्थिक गतिविधि शून्यप्रायः अवस्थामा छ । स्थानीय सरकार, अभिभावक र कतिपय शिक्षा क्षेत्रका विज्ञहरुले बालबालिकालाई लकडाउन खुकुलो बनाउन आग्रह गरेपछि सरकारले आगामी ९ दिनभित्रै नयाँ नियम सार्वजनिक गर्न लागेको जनाएको छ । स्पेनमा जारी आपतकालको घोषणालाई संसदले अनुमोदन गर्नु पर्नेछ ।

पेरिसः फ्रान्सको राष्ट्रिय स्वास्थ्य सेवा विभागले अस्पतालको सघन उपचार कक्षमा रहेका कोरोना संक्रमित बिरामीको संख्यामा कमी आएको जनाएको छ । विगत तीन दिनदेखि भाइरसका कारण अस्पतालमा भर्ना हुनेको संख्यामा पनि कमी आएको विभागको भनाई छ । फ्रान्समा कोरोनाभाइरसका कारण मृत्यु हुनेको संख्या १९ हजार नाघिसकेको छ । अध्ययन अनुसार मृत्यु भएकामध्ये एक तिहाइभन्दा बढी नर्सिङ होममा रहेका ज्येष्ठ नागरिक रहेका छन् ।

# वुहानलाई न्युन जोखिम क्षेत्र घोषित



**वेइजिङ, एजेन्सी-**कोरोना भाइरसको उद्गमस्थल मानिने चीनको वुहानलाई कोरोना भाइरसको संक्रमणबाट न्युन जोखिमपूर्ण क्षेत्रको रुपमा घोषणा गरिएको छ ।


पछिल्लो १४ दिनमा कुनैपनि संक्रमित नभेटिए कोरोनाभाइरसबाट न्युन जोखिमपूर्ण क्षेत्र घोषणा गरिने व्यवस्था अनुसार वुहान क्षेत्रलाई न्युन जोखिमपूर्ण क्षेत्र घोषणा गरिएको हो । चीनमा कम्तीमा पनि पछिल्लो १४ दिनमा कोरोनाभाइरसबाट संक्रमित कुनैपनि व्यक्ति नभेटिएका राज्य, जिल्ला तथा शहरहरुलाई कोरोना न्युन जोखिमपूर्ण क्षेत्रको रुपमा घोषणा गरिने मापदण्ड राज्य सरकारले बनाएको छ ।

त्यसैगरी ५० वा सोभन्दा कम संक्रमित देखिएको ठाउँलाई मध्यम जोखिम र ५० भन्दा बढी संक्रमित भेटिएको ठाउँलाई उच्च जोखिमपूर्ण क्षेत्र मानिने मापदण्डमा उल्लेख गरिएको छ ।

चिनियाँ राष्ट्रिय स्वास्थ्य आयोगले दिएको पछिल्लो विवरण अनुसार आइतबार देशभरी १६ जना मात्रै नयाँ संक्रमित भेटिएका छन् । आइतबारसम्ममा कोरोना भाइरसका कारण चीनमा मृत्यु हुनेको संख्या चार हजार ६३२ पुगेको आयोगले जनाएको छ ।

त्यसैगरी कुल संक्रमितको संख्या ८२ हजार ७३५ पुगेको छ भने एक हजार ४१ जनाको मात्रै अहिले उपचार भइरहेको छ । बँकी ७७ हजार ६२ जना संक्रमणमुक्त भइसकेका छन् ।

# एसीपीको कोरोनाबाट निधन



**पञ्जाव, एजेन्सी-**कोरोना भाइरसका कारण भारतको पञ्जाब प्रहरीका एसीपीप अनिल कोहलीको मृत्यु भएको छ । लुधियानाका एसीपी कोहलीको अपोलो अस्पतालमा उपचारको क्रममा निधन भएको हो । उनलाई लुधियानानको एससीएस अस्पतालमा प्लाज्मा थेरापी गर्नु पर्ने थियो । तर त्यो प्रक्रिया सुरु गर्नुअघि नै कोरोना भाइरसका कारण उनको निधन भएको हो । पञ्जाबका मुख्यमन्त्री अमरिन्दर सिंहले एसीपी कोहलीको निधनप्रति दुःख व्यक्त गरेका छन् ।

केही दिनअघि एसीपी कोहलीलाई कोरोना भाइरसको संक्रमण रहेको पुष्टि भएको थियो । ५२ वर्षका एसीपी कोहलीले हालै कुनै पनि देशको यात्रा गरेका थिएनन् । शुक्रबार पञ्जाब सरकारले एक विज्ञप्ति जारी गरेर अनिल कोहलीको प्लाज्मा थेरापीको कोशिस गर्ने जानकारी गराएको थियो ।

## नेपाल आयल निगम लिमिटेडको

### सूचना

निगमबाट ग्यास उद्योग निर्माण गरी सञ्चालन गर्न अनुमति लिने तर उद्योग निर्माण नगर्ने, अनुमतिपत्र खरिद बिक्री गर्ने जस्ता विकृतिको अन्त्य गर्न साथै उद्योग विभागमा ग्यास उद्योग दर्ताको लागि निवेदन दिने र उद्योग विभागबाट निगमसँग राय प्रतिक्रिया माग गरे पश्चात् सम्पर्कमा नआउने परिपाटीले निगमलाई एल.पि.ग्यास उद्योगको व्यवस्थापनमा समस्या आइपरेको सन्दर्भमा यस्ता विसंगतिहरू हटाई वास्तविकरूपमै निर्माणका क्रममा रहेका उद्योगहरू पहिचान गरी सञ्चालन स्वीकृति दिने आवश्यकता महसुस गरे पश्चात् निगमले राष्ट्रिय दैनिक गोरखापत्रमा मिति २०७६।०९।०८, मिति २०७६।०९।१० र मिति २०७६।०९।१३ गरी तीन (३) पटक सूचना प्रकाशित गरेको थियो । उक्त सूचना बमोजिम ५३ वटा उद्योगहरू मध्ये निम्न तीन (३) वटा उद्योगहरू निर्माण सम्पन्न गरी पि.डि.ओ. प्राप्तिका लागि निगमको सम्पर्कमा आएका हुनाले तिनलाई अनुमति दिइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**१. श्री सैपाल ग्यास उद्योग प्रा.लि., अत्तरिया-१३, कैलाली**

**२. श्री सगरमाथा ग्यास इण्डष्ट्रिज प्रा.लि., रामग्राम-१०, लक्ष्मीपुर नवलपरासी (शाखा उद्योग-१)**

**३. श्री सिता श्री ग्यास उद्योग प्रा.लि., धुनिवेसी न.पा. वडा नं.९, धादिङ**

मिति २०७१।१०।१४ पश्चात् निगमबाट स्वीकृति प्रदान गरिएका नयाँ उद्योगहरू, शाखा उद्योगहरू र उद्योग विभागबाट उद्योग सञ्चालन सम्बन्धी राय/प्रतिक्रिया माग गर्दा तहाँको नियमानुसार गर्ने भनी निगमबाट राय दिइएका तपसिलका उद्योगहरू निगमले तोकेको समय सीमाभित्र पि.डि.ओ. प्राप्तिका लागि नआएकाले यसै सूचना मार्फत खारेज गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । तपसिलको विवरणमा छुट भएका अन्य कुनै उद्योगहरू भए तिनीहरूको निर्माण तथा सैद्धान्तिक सहमतिसमेत यसै सूचनामार्फत खारेज गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

साथै मिति २०७१।१०।१४ भन्दाअघि सैद्धान्तिक सहमति लिई सञ्चालन हुन नसकेका उद्योगहरू पनि यस अघि नै विभिन्न मितिमा खारेज भइसकेको व्यहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**खारेज गरिएका उद्योगहरूको विवरणः**

| सि.नं. | ग्यास उद्योगको नाम | ठेगाना |
|---|---|---|
| १ | सुदूरपश्चिम एल.पि. ग्यास लि. | |
| २ | पूर्वेली ग्यास उद्योग प्रा.लि. | भद्रपुर १२ झापा |
| ३ | वर्दिवास इन्भेष्टमेन्ट मल्टिपर्पोज प्रा.लि. | वर्दिवास न.पा.१० महोत्तरी |
| ४ | एच.एच. कम्पनी प्रा.लि. | दयानगर, गा.वि.स. ३ रूपन्देही |
| ५ | वर्षा ग्यास उद्योग प्रा.लि. | भेरी गंगा न.पा. १०, सुर्खेत |
| ६ | जे.पि. ग्यास उद्योग प्रा.लि. | कपिलवस्तु न.पा. १२ कपिलवस्तु |
| ७ | एशियन ग्यास उद्योग प्रा.लि. | विराटनगर उ.म.न.पा.३ मोरङ |
| ८ | एक्सप्रेस ग्यास उद्योग प्रा.लि. | सैनामैना, न.पा.१, रूपन्देही |
| ९ | शिवशक्ति ग्यास उद्योग प्रा.लि. | वेतकोट न.पा., कञ्चनपुर |
| १० | निलकण्ठ ग्यास उद्योग प्रा.लि. | जहदा गा.वि.स.३ नवलपरासी |
| ११ | सप्तकोशी ग्यास उद्योग प्रा.लि. | मोरङ, विराटनगर उ.म.न.पा. १२ |
| १२ | हरि ग्यास उद्योग प्रा.लि. | अत्तरिया न.पा.वडा नं. ११, कैलाली |
| १३ | कमला ग्यास उद्योग | वडहारामाल, सिरहा |
| १४ | दक्षिणकाली ग्यास उद्योग प्रा.लि. | कैलाली जिल्ला मसुरिया गा.वि.स-६ |
| १५ | सिद्धबाबा ग्यास उद्योग प्रा.लि. | कावासोती ११, नवलपरासी |
| १६ | माता रानी ग्यास उद्योग प्रा.लि. | धनुषा, गणेशमान चासाथ वडा नं. ७ |
| १७ | पञ्चलक्ष्मी ग्यास उद्योग प्रा.लि. | सुनसरी, वकलौरी गा.वि.स. वडा नं. ५ |
| १८ | बिरता ग्यास उद्योग प्रा.लि. | दुवागडी ४ झापा |
| १९ | विकल्प ग्यास उद्योग प्रा.लि. | हर्नेया गा.वि.स.९ रूपन्देही |
| २० | बुहारी ग्यास उद्योग प्रा.लि. | दमक न.पा.१३ झापा |
| २१ | स्मार्ट ग्यास उद्योग प्रा.लि. | चोर्नी ९ पर्सा |
| २२ | केदार ग्यास उद्योग प्रा.लि. | चौमाला गा.वि.स.२ कैलाली |
| २३ | पूजा ग्यास उद्योग प्रा.लि. | केवलपुर गा.वि.स. ६ धादिङ |
| २४ | सगुन ग्यास उद्योग प्रा.लि. | लवटोली गा.वि.स.५, धनुषा |
| २५ | कञ्चनजंगा ग्यास उद्योग प्रा.लि. | मिथिला न.पा.४ धनुषा |
| २६ | सरस्वती ग्यास उद्योग प्रा.लि. | झापा, चारपाने गा.वि.स. वडा नं. १ |
| २७ | आर.के. ग्यास उद्योग प्रा.लि. | बारा, वहुअरी गा.व.स. वडा नं. १ |
| २८ | श्याम ग्यास उद्योग प्रा.लि. | सरावल गा.वि.स.५ नवलपरासी |
| २९ | श्रीमाया ग्यास एण्ड एलाईड इण्डष्ट्रिज प्रा.लि. | टंगाल-२, काठमाडौं |
| ३० | जय श्री तिरूपति ग्यास उद्योग प्रा.लि. | हरैचा न.पा.७ कोशी |
| ३१ | पन्चकोशी ग्यास उद्योग प्रा.लि. | विरेन्द्रनगर न.पा.१४ सुर्खेत |
| ३२ | वुद्ध इन्डष्ट्रिज प्रा.लि. | सुक्टहन गा.वि.स.२ रूपन्देही |
| ३३ | आदित्य ग्यास उद्योग प्रा.लि. | धनुषाधाम न.पा.९ धनुषा |
| ३४ | गणेश ग्यास उद्योग प्रा.लि. | इटहरि उ.म.न.पा.१ सुनसरी |
| ३५ | तिलौराकोट ग्यास उद्योग प्रा.लि. | कोपुवा गा.वि.स.१, कपिलवस्तु |
| ३६ | ग्रिन ग्यास उद्योग प्रा.लि. | बैरेनी-७, धादिङ |
| ३७ | बागेश्वरी ग्यास उद्योग प्रा.लि. | नेपालगञ्ज बाँके |
| ३८ | सान्भी ग्यास उद्योग प्रा.लि. | बक्लौरी-१, सुनसरी |
| ३९ | गौरीशंकर ग्यास प्रा.लि. (शाखा उद्योग) | धादिङ |
| ४० | हिमालयन पेट्रो केमिकल्स प्रा.लि. (शाखा उद्योग) | धादिङ |
| ४१ | कोशी ग्यास उद्योग प्रा.लि. (शाखा उद्योग) | धादिङ |
| ४२ | लुम्बिनी ग्यास कम्पनी प्रा.लि. (शाखा उद्योग) | धादिङ/नुवाकोट |
| ४३ | नारायणी ग्यास उद्योग प्रा.लि. (शाखा उद्योग) | धादिङ/नुवाकोट |
| ४४ | नेपाल ग्यास उद्योग प्रा.लि (शाखा उद्योग) | बाँके/कोहलपुर |
| ४५ | नोवेल ग्यास उद्योग प्रा.लि. (शाखा उद्योग) | धादिङ |
| ४६ | राजधानी ग्यास उद्योग प्रा.लि. (शाखा उद्योग) | धादिङ/नुवाकोट |
| ४७ | सहारा ग्यास इण्डष्ट्रीज प्रा. लि. (शाखा उद्योग) | कैलाली/बाँके/तनहुँ |
| ४८ | सुगम ग्यास उद्योग प्रा. लि (शाखा उद्योग) | सुनसरी |
| ४९ | भेरी ग्यास उद्योग (शाखा उद्योग) | धनगढी |
| ५० | नेपाल ग्यास उद्योग (नारायणी) प्रा.लि. (शाखा उद्योग) | धनुषा |

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## अघि बढ्यो आगामी आवको बजेट छलफल

# प्राथमिकता फेरिंदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ बैशाख

सरकारले आगामी आर्थिक बर्षको बजेट छलफल शुरु गरेको छ । कोरोना भाइरसका कारण चैत ११ गतेदेखि देश लकडाउनमा गएपछि पछि सरेको बजेट छलफल गत चैत २५ गतेदेखि शुरु भएको छ ।

राष्ट्रिय योजना आयोगले गत २५ गतेदेखि शुरु गरेको आगामी आवको बजेटको छलफल गत शुक्रबार सकिएको छ । त्यसपश्चात अर्थ मन्त्रालयमा स्रोत व्यवस्थापन सहित यसको छलफल शुरु गरिएको हो ।

वैशाख २ गतेबाट अर्थ मन्त्रालय बजेट छलफलमा जुटेको अर्थ मन्त्रालय स्रोतले जनाएको छ । मन्त्रालयका अनुसार कोरोना संक्रमणका कारण सानो सानो टिम बनाएर छलफल भईरहेको र आगामी १० दिनसम्ममा बजेट छलफल सकिनेछ ।

अघिल्ला वर्षमा प्रत्येक मन्त्रालयका सचिवदेखि कार्यक्रम अधिकृत समेत टिममै बसेर बजेट छलफल हुन्थ्यो । एउटै मन्त्रालयको २५ र ३० जनाको टिम हुने गरेकामा यस वर्ष प्रतिनिधिमूलक हिसावले बजेट छलफल भइरहेको छ ।




पछिल्लो सयम कोरोनो भाईरसले पारेको असरका कारण समग्र अर्थतन्त्रमा ४ अर्ब मूल्य अभिवृद्धि घटिरहेको छ । जसले आगामी बर्षको बजेटको सिलिङ घट्ने होकी भनेर पनि आँकलन गर्न सकिन्छ । यो बर्ष बजेट १५ खर्ब ३२ अर्बको ल्याईएको थियो । आगामी वर्ष अहिलेको भन्दा केही बढेर बजेट आउने योजना आयोगको भनाई छ ।

यसका साथै ८० प्रतिशतभन्दा बढी कार्य सम्पन्न भइसकेका राष्ट्रिय गौरवका आयोजनालाई यो वर्ष सरकारले प्राथमिकतामा राख्ने भएको छ । पूर्वाधार निर्माण कार्यलाई सरकारले अगाडि बढाउने छ । माथिल्लो तामाकोशी, मेलम्ची खानेपानी आयोजना, भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल, भेरी बबई डाइभर्सन, सिक्टालगायतका आयोजना छिटो सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्ने सरकारले योजना बनाएको स्रोतको भनाई छ । गेम चेन्जर भनेर ल्याएका १८ वटा आयोजनालाई केही बजेट छुट्याएपनि त्यसमा भने केही बजेट कटौती गर्ने सरकारको तयारी छ । सुनकोशी मरिन डाइभर्सन अघि बढेकोले त्यसमा कुनै असर नपरेपनि डिजिटल नेपाल, औद्योगिक पूर्वाधार निर्माणलगायतका योजनामा भने केही बजेट कटौती हुन सक्ने अनुमान छ ।

मध्यकालीन खर्च संरचनामा आगामी आवका लागि १७ खर्ब ५९ अर्ब ६ करोड ९६ लाख रुपैयाँको बजेट सिलिङ (सीमा) प्रक्षेपण गरिएको छ । सो बजेट प्रक्षेपणमा चालु खर्च १० खर्ब १ अर्ब ३५ करोड, पुँजीगततर्फ ५ खर्ब ४५ अर्ब ९० करोड ११ लाख र वित्तीय व्यवस्थापनतर्फ २ खर्ब ११ अर्ब ८१ करोड रुपैयाँ रहेको छ ।

मध्यमकालीन खर्च संरचनामा उल्लेख गरिएको बजेट स्रोतका लागि सरकारले राजस्वबाट ११ खर्ब ६९ अर्ब ७७ करोड स्रोतको व्यवस्था गर्ने भनिएको छ भने ६३ अर्ब वैदेशिक अनुदान, वैदेशिक ऋण ३ खर्ब ३९ अर्ब र आन्तरिक ऋणबाट १ खर्ब ८७ स्रोत व्यवस्थापन गर्ने मध्यमकालीन बजेट संरचनामा उल्लेख गरिएको छ ।

## साना उद्योगीलाई बचाउन प्याकेज ल्याउनुपर्ने घरेलु महासंघको माग

**काठमाडौं/मस**-कोरोनाबाट प्रताडित लघु, घरेलु तथा साना उद्योगहरुका लागि राहत प्याकेज तथा कार्यक्रमका लागि नेपाल घरेलु तथा साना उद्योग महासंघले सरकारको ध्यानाकर्षण गराएको छ । महासंघले यस्ता उद्यमीले लिएको कर्जाको किस्ता तथा ब्याज लकडाउन खुलेको एक वर्ष भित्रमा तिर्न सकिने व्यवस्था गर्न आग्रह गर्दै कोरोना भाइरस संक्रमणको अवधिभरको बैंक ब्याज तथा हर्जाना मिनाहा गर्न अर्थमन्त्री डा. युवराज खतिवडाको ध्यानाकर्षण गराएको हो ।

महासंघका कार्यवाहक अध्यक्ष उमेशप्रसाद सिंहले लकडाउनपछि खुल्ने उद्योगहरुलाई चालु पूँजीको आवश्यकता पर्नसक्ने भएकाले कर्जा लिएका उद्यमीहरुलाई आवश्यकता अनुसार सहुलियतपूर्ण पुर्नकर्जाको व्यवस्था गर्दै विगतमा कर्जा नलिएका उद्यमीहरुलाई बढीमा दुई प्रतिशत ब्याजमा सहुलियत दरमा चुक्ता पूँजीको कम्तिमा ७० प्रतिशितसम्म कर्जा उपलव्ध गराउने व्यवस्था हुनुपर्ने बताए । विद्यमान बैंक कर्जा प्रवाहको ब्याजदरमा कम्तिमा चार प्रतिशत घटाइनुपर्ने उनको भनाई थियो ।

कोरोनाले अर्थतन्त्रमा पुऱ्याएको असरबाट पाठ सिक्दै रेमिट्यान्स र आयातमुखी अर्थतन्त्रबाट आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न नेपाल घरेलु तथा साना उद्योग महासंघले सरकारको ध्यानाकर्षण गराएको छ ।

कारोना महामारीबाट प्रताडित नेपाली जनतालाई अहिलेको अवस्थामा विदेशबाट आयातित वस्तु भन्दा स्वदेशकै उत्पादनहरुको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने भन्दै सरकारी तथा सार्वजनिक संस्थाहरुमा स्वदेशी वस्तुको उपयोगलाई अनिवार्य गर्ने आगामी कार्यदिशा बनाउनुपर्ने महासंघले आग्रह गरेको छ ।

सामाजिक सुरक्षा कोषमा उद्यमीले दाखिला गर्नुपर्ने दायित्वको विषयलाई राज्यले हाललाई उठान गर्न नहुने तथा लकडाउन तथा आवतजावतमा असर परेको कारणले उद्योग नविकरण गर्ने म्याद कम्तिमा छ महिना थप गरिदिनुपर्ने माग महासंघले गरेको छ ।

बैंक कर्जाको ब्याजदर घटाउनुका साथै छ महिनासम्मको ब्याज वा कम्तिमा पनि लकडाउन अवधिको सम्पूर्ण ब्याज लघु घरेलु तथा साना उद्यमीहरुको हकमा मिनाहा गरिदिनुपर्ने महासंघको माग छ ।

लकडाउन अवधिको उद्योग बहाल कर छुटका साथै घरभाडा वापत उद्यमीले तिर्ने भाडाको सोधभर्ना सरकारले गरिदिनु पर्ने भन्दै महासंघले लघु, घरेलु तथा साना उद्यमीले उद्योगमा प्रयोग गर्ने कच्चा पदार्थ लगायतका सामानहरुमा कर छुटको व्यवस्थाका साथै कम्तिमा दुई वर्षका लागि आयकर मिनाहा हुनुपर्ने महासंघले पेश गरेको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

सरकारले घोषणा गरेको राहत प्याकेज कार्यान्वयनको जिम्मा स्थानीय निकायलाई दिए पनि त्यसको कार्यान्वयन मोडालिटी तथा कार्यविधि नबनिसकेको सन्दर्भमा कार्यान्वयन प्रकृया छिटो छरितो हुनुपर्ने र घोषित राहत प्याकेज कार्यान्वयन प्रकृयामा नेपाल घरेलु तथा साना उद्योग महासंघ जस्ता नीजि क्षेत्रका छाता संस्थाहरुलाई पनि समावेश गरिनुपर्ने महासंघले जनाएको छ ।

अनौपाचारिक क्षेत्रमा सञ्चालित उद्योग व्यवसायहरु पनि कोरोनाबाट पीडित भएको तर सरकारले दिने राहत तथा सुविधाबाट बन्चित हुन परेको हुँदा यस्ता उद्यम व्यवसायहरुलाई औपचारिक क्षेत्रमा प्रवेश गर्न गराउन आवश्यक प्याकेजको व्यवस्था गर्नुपर्ने महासंघको माग छ ।

## माथिल्लो तामाकोशीको काम युद्धस्तरमा, निर्माण सामग्रीको समस्या

**रमेश लम्साल/रासस**
काठमाडौं, ७ बैशाख

सरकारले कोरोनाको कहर रोक्नका लागि लकडाउन गरेको छ । नागरिक घरभित्र छन् । मुलुकमा आर्थिक गतिविधि ठप्प छ । यस्तो विषम अवस्थामा पनि केही भौतिक निर्माणका आयोजना भने आफ्नै रफ्तारमा अगाडि बढेका छन् । प्रगति पनि लोभलाग्दो देखिएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको र देशको आर्थिक समृद्धिमा समेत महत्वपूर्ण स्थान राख्ने माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम यतिखेर पनि जारी छ । लकडाउनमा पनि काम भइरहेको छ ? हो, आम मानिसले सोचेभन्दा भिन्नै तरिकाले माथिल्लो तामाकोशीको काम धमाधम भइरहेको छ ।

लकडाउनमा धेरैजसो पूर्वाधारको काम रोकिएका छन् । सोही कारण सरकारले चालू आर्थिक वर्षका लागि विनियोजन गरेको बजेटसमेत खर्च हुनसकेको छैन । माथिल्लो तामाकोशी यस्तो आयोजना हो, जहाँ सुरक्षाका सम्पूर्ण उपाय अपनाएर लकडाउनमा समेत काम भइरहेको छ । जुन अन्य आयोजनाका लागि समेत अनुकरण गर्नलायक छ ।

काम भइरहँदा आयोजनाका पदाधिकारीलाई अन्य कुराले भन्दा पनि निर्माण सामग्रीको ढुवानी रोकिदा भने समस्या आइलाग्छ कि भन्ने चिन्ताले सताएको छ । आगामी २०-२५ दिनलाई पुग्ने निर्माण सामग्री भए पनि लकडाउन लम्बिँदै जाँदा समस्या पर्ला कि भन्ने चिन्ता भने उत्तिकै छ । जिल्ला प्रशासन कार्यालय दोलखाले आयोजनालाई सहजीकरण गरिरहेको छ । अत्यावश्यक पास तथा अन्य सुविधासमेत उपलब्ध गराएको छ । आयोजनाको महत्व र गाम्भीर्यतालाई बुझेर जिल्ला प्रशासन कार्यालयले आवश्यक सहयोग गरे पनि नेपाल-भारत सीमा क्षेत्रमा रोकिएका निर्माण उपकरण ल्याउन निर्माण व्यवसायीलाई सहजीकरण गरिदिनुपर्ने माग आयोजनाले गरेको छ ।

आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेका अनुसार लकडाउनको समयमा समेत झण्डै ६५० मजदुर आयोजनास्थलमा कार्यरत छन् । उनीहरूलाई व्यक्तिगतरूपमा सुरक्षाको राम्रो प्रबन्ध गरिएको छ । उनका अनुसार आयोजनाको सबैभन्दा जटिल मानिएको दुई ठाडो सुरुङको कामसमेत गतिमा अगाडि बढिरहेको छ । कूल ६८३ मिटर लामो दुई ठाडो सुरुङमध्ये अब बाँकी १७५ मिटरमात्रै बाँकी रहेको छ ।

कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङमध्ये शनिबारसम्म ३०८ मिटर खण्डमा पाइप जडान कार्य भइसकेको छ । अब मात्रै ६५ मिटर बाँकी छ । सो काम अष्ट्रियन निर्माण व्यवसायी एन्ड्रिज हाइड्रोले काम गरिरहेको छ । यस्तै कार्यकुशलता देखाउन नसकेको भारतीय निर्माण व्यवसायी टेक्सम्याकोले पनि लकडाउनको समयमा आफूलाई अब्बल सावित गर्ने प्रयास गरिरहेको छ । प्राप्त विवरणअनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमध्ये शनिबारसम्म कूल २०० मिटरमा पाइप जडान भइसकेको छ । अब सो सुरुङमा मात्रै ११० मिटर पाइप जडान गर्न बाँकी छ । पाइप जडानको काम प्रभावकारीरूपमा अगाडि बढेको र एउटा पाइप जडानका लागि पाँच कार्य दिन लाग्ने गरी व्यवस्थापन मिलाइएको छ । त्यसले पनि अब कामले झनै तीव्रता पाउने देखिएको छ ।

आयोजनामा निर्माण सामग्रीको ढुवानीको समस्यामा देखिएको छ भने इन्धन नभएकाले केही जटिलता पैदा हुन्छ कि भन्ने सन्त्रास पैदा भएको छ । बाँधको सिभिलको काम पूरा भएको छ । हाइड्रोमेकानिकल गेट भने राख्न बाँकी छ । आयोजनालाई अत्यावश्यक रहेको अक्सिजन ग्यास, केही केमिकल भने तत्काल जरुरी देखिएको छ । आयोजनामा भारतीय सिमेन्टको प्रयोग भएकाले पनि आयात गर्न समस्या पैदा भएको छ । यस्तै रड बोकेका सवारीसमेत आउन पाएका छैनन् । हाइड्रोमेकानिकलका केही उपकरण नेपाल-भारत सीमा आइपुगेका छन् । ती आयोजनास्थल पुऱ्याउन समस्या देखिएको छ ।

सरकारले विशेष व्यवस्था गरेर राष्ट्रय गौरवका आयोजनालाई अगाडि बढाउने प्रबन्ध गरेको छ । सरकारले माथिल्लो तामाकोशीलगायत आयोजनालाई लकडाउनको समयमा समेत काम गर्न सक्ने गरी विशेष व्यवस्था गरेको जनाए पनि आयोजनाले निर्माण सामग्री आयातमा सहजीकरण गरिदिन गरेको आग्रह हालसम्म पूरा भएको छैन ।

आयोजनास्थलमा एक एम्बुलेन्स अनिवार्यरूपमा राख्नैपर्ने, निर्माणस्थलमा खटिएका कामदारलाई आइसोलेसनमा बसेजस्तै गरी स्थानीयवासीसँगको सम्पर्क गर्न नदिने तथा व्यक्तिगत सुरक्षाको प्रबन्ध गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### सिटिजन्स बैंकको तेह्रौं बार्षिकोत्सव

## सिटिजन्स एक्सट्रा फिक्स डिपोजिट सार्वजनिक

Citizens Bank

**काठमाडौं/मस**-सिटिजन्स बैंकले तह्रौं वार्षिकोत्सवको अवसरमा 'सिटिजन्स एक्सट्रा फिक्स डिपोजिट' निक्षेप योजना सार्वजनिक गरेको छ । बैकले कोभिड १९ को महामारीमा आफ्नो आफनो १३ औं वार्षिकोत्सव सम्पन्न गर्दै ३ महीना देखि १० वर्ष सम्मको अवधि तथा १ लाख रुपैयाँको न्यूनतम मौज्दातमा खाता खोल्न सकिने गरि उक्त खाता संचालनमा ल्याएको हो । बैंकले उक्त खातामा ८ दशमलव २५ प्रतिशत व्याजदरसमेत दिने भएको छ । साथै शाखा प्रबन्धकले उक्त व्याजदरमा ० दशमलव ५० प्रतिशत व्याजदर सम्म थप गर्न सक्नेछन् । यस निक्षेप योजना अन्तरगत व्यक्तिगत मुद्धति खाता खोल्ने ग्राहकलाई मुद्धति खाताबाट आर्जित व्याजमा समेत सोही बराबरको व्याजदर प्रदान गर्नेछ । उक्त निक्षेप योजना बैंकका सम्पूर्ण शाखामा उपलब्ध हुनेछ । बैंकले विगतमा विभिन्न समारोहको आयोजना गरी हर्षोल्लासका साथ मनाउँदै आएको वार्षिकोत्सव कार्यक्रम यस वर्ष भने कोरोना र लकडाउनका कारण भर्चुअली मनाएको छ । बैंकको आईतबार बसेको ३३२ औं सञ्चालक समितिको बैठकले सेयरधनी, नियामक निकायलगायतलाई धन्नेबादसमेत ज्ञापन गरेको छ । साथै १३ वर्षको अवधिमा बैंकले प्राप्त गरेका विभिन्न उपलब्धि तथा प्रमुख वित्तीय सूचकाङ्कहरु बैंकको वेवसाईट तथा फेसबुकलगायतका सामाजिक सञ्जालमा राखेको बैंकले जानकारी दिएको छ । कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकमा १० वर्ष सेवा प्रवाह गरी 'दीर्घ सेवा सम्मान पदक' बाट सम्मानित हुने कर्मचारीलाई धन्यवाद दिँदै बधाई तथा शुभकामना व्यक्त गरेका छन । बैंकले ९४ शाखा, ९४ एटिएम तथा १०३ शाखामार्फत सेवा प्रदान गर्दै आईरहको छ । साथै बैंकले विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, घरैमा बसेर बैंक खाता खोल्न सकिने अनलाईन सुविधा, रेमिटान्स सेवा, आस्वा, ड्राफ्ट, कार्ड सेवा, साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिनेलगायतका सेवासमेत प्रदान गर्दै आईरहेको छ ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु



ज्वरो (१००.४° F भन्दा माथि) | श्वासप्रश्वासमा अत्याधिक समस्या | रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews | YouTube Janatapati | Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**